ख. प्रस्तावहरु

१. योजनाको शीर्षक परिवर्तन सम्बन्धमा।
२. विद्यालय बस खरिद श्रोत सुनिश्चितता सम्बन्धमा।
३. ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा।
४. विविध।
   क. उद्यम विकास सहजकर्ता पदको पदपूर्ति सम्बन्धमा।
   ख. आर्थिक सहायता सम्बन्धमा।

ग. निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा वडास्तरीय तथा नगरस्तरीय योजनाका रुपमा नगर सभाको सोह्रौं अधिवेशनबाट विनियोजित भई कायदिश तथा योजना सञ्चालनको लागि सम्झौता भएका तर यथास्थितिमा कार्यान्वयन गर्न कठिनाई भई शीर्षक परिवर्तनको लागि पेश भएका देहायका योजनाको शीर्षक परिवर्तन गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने।

देहाय

क्र.सं.	वडा नं.	साविक योजनाको नाम	संशोधित योजनाको नाम	रकम
१.	७	विद्यालयको खेलमैदान ढुंगा छाप्ने कार्यक्रम	विद्यालय प्रागणमा ढलान तथा स्टेज ट्रष्ट निर्माण	२,००,०००/-
२.	५	पिखेल सामुदायिक भवनको लागि आवश्यक सामान खरिद	पिखेल सामुदायिक भवनको ट्रस्ट निर्माण	४,००,०००/-
३.	९	बिन्धयावासिनी मन्दिरमा वाल निर्माण	बिन्धयावासिनी मन्दिरमा ढुंगा छाप्ने तथा छत ढलान	१५,००,०००/-
४.	३	बालभुषण आ.बि. स्कूल मन्टेश्वरी कक्षा सञ्चालन अनुदान	बालभुषण आ.बि. स्कूल फर्निचर तथा आवश्यक सामग्री	१,२३,०००/-
५.	७	मिलन चौतारी र पुस्तकालय	मिलन चौतारी ट्रष्ट निर्माण	५,००,०००/-
६.		नगर क्षेत्र भित्र मठमन्दिर चिनारी पुस्तिका	धान दिवस	३,००,०००/-
७.		स्थानीय पथ पर्दशक तालिम	नगरकोट साहित्यिक कार्यक्रम/साईक्लिङ्ग	७,००,०००/-

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कालिका माध्यमिक विद्यालय वडा नं. ६ को लागि वस खरिद शीर्षकमा रकम नपुग भई पुन माग भई आए बमोजिम मिति २०८२/०१/१६ गते बसेको कार्यपालिका बैठकबाट रु. ९,००,०००/- थप गर्ने निर्णय भए बमोजिम उक्त रकम नगर सभाको पन्ध्रौं अधिवेशनबाट विनियोजित अन्य संस्था सहायता शीर्षकबाट विद्यालयको नाममा निकासा गर्ने। साथै ८ नं. वडा कार्यालय परिसर निर्माण प्रयोजनार्थ आगामी आ.व. २०८२/०८३ को लागि रु. १० लाख बजेटको श्रोत सुनिश्चितता गर्ने।

नोहजकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

जीवन खनी
नगर प्रमुख

मिति २०८२/०२/३० को ६२ औं कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा विधायन समितिबाट सिफारिस भई आएको ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ आजको बैठकमा पेश भई थप अध्ययन गरि आगामी का.पा. बैठकमा स्वीकृतीका लागि पेश गर्ने।

४. प्रस्ताव नं. ४ विविधको (क) माथि छलफल गर्दा यस नगरपालिकामा रिक्त रहेको उद्यम विकास सहजकर्ता पदको पदपूर्ति प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने।

५. प्रस्ताव नं. ४ विविधको (ख) माथि छलफल गर्दा विभिन्न व्यक्ति तथा निकायबाट सहयोग माग भई आएकोमा देहायका व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने।

देहाय

सि.नं.	नामथर	ठेगाना	वापत/विवरण	रु. हजारमा	शीर्षक
१.	कृष्ण प्रसाद नेपाल	चाँ.न.पा. ७	विपन्न सहयोग	३०	विपन्न नागरिक उपचार सहायता खर्च
२.	कल्पेश्वर महादेव मन्दिरमा पुराण कार्यक्रम	चाँ.न.पा. ८	कार्यक्रम सहयोग	२००	धार्मिक संस्था तथा कार्यक्रममा सामग्री सहयोग खर्च
३.	प्रधानमन्त्री रोजगारमा काम गर्ने कामदारलाई चौतारी बनाउन काम लगाए बापतको पारिश्रमिक	चाँ.न.पा. ८	पारिश्रमिक	२००	प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम
४.	सन्तबहादुर श्रेष्ठकी श्रीमती उर्मिला तामाङ्ग	चाँ.न.पा. ६	उपचार सहयोग	५०	विपन्न नागरिक उपचार सहायता खर्च
५.	रबिन कपाली र गजेन्द्र कुमार शाखकर्मी	चाँ.न.पा. ९	पारिश्रमिक	१५/१५ प्रतिव्यक्ति	स्वास्थ्य बुढ्यौली परियोजना साझेदारी कार्यक्रम
६.	ज्येष्ठ नागरिक मिलन चौतारी	चाँ.न.पा. १	कार्यक्रम सहयोग	१६५	जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन खर्च
७.	श्री गणेश भिमसेन रथयात्रा	चा.न.पा. ५	जात्रा खर्च	२५	सांस्कृतिक जात्रा पर्व संरक्षण
८.	गंगा बहादुर श्रेष्ठ	लखनपुर ५	उपचार सहयोग	२०	अन्य सामाजिक सुरक्षा (बिरामी उपचार सहायता खर्च
९.	जयनेपाल फाउण्डेसन पुस्तक खरिद			६०	अन्य कार्यालय संचालन खर्च
१०.	रजनी तामाङ्ग	चाँ.न.पा. २	उपचार सहयोग	२०	विपन्न नागरिक उपचार सहायता खर्च
११.	गायत्री गेलाल	चाँ.न.पा. ३	उपचार सहयोग	२०	अन्य सामाजिक सुरक्षा (बिरामी उपचार सहायता खर्च
१२.	नारायण सुलु	चाँ.न.पा. ३	उपचार सहयोग	२०	अन्य सामाजिक सुरक्षा (बिरामी उपचार सहायता खर्च
१३.	राजेश शाही ठकुरी	चाँ.न.पा. ३	उपचार सहयोग	१००	अन्य सामाजिक सुरक्षा (बिरामी उपचार सहायता खर्च

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

जीवन खत्री
नगर प्रमुख